# जातीय भेदभाव र छुवाछुत अन्त्य तथा दलित अधिकार प्रवर्द्धन सम्वन्धी

# कार्यविधि, २०७३

**प्रस्तावनाः**

नेपालमा कानूनतः छुवाछुत प्रणालीको अन्त्य भइसकेको भएता पनि अन्धविश्वास तथा सामाजिक कुसंस्कारका अवशेष विद्यामान रहेको कारण ब्यवहारमा दलित माथि भेदभाव र हिंसाजन्य घटना घटिरहेको अवस्था छ । सामाजिक, सांस्कृतिक तथा राजनीतिक विकास प्रक्रियामा दलित तथा पिडिएका वर्गको सहभागिताले मात्र मुलुकको सर्वाङ्गीण विकास सम्भव छ । सवै किसिमका जातीय भेदभाव उन्मुलन सम्वन्धी अन्तराष्ट्रिय महासन्धि १९६५ ले “कानूनका सामु सवै जातजाति समान हुनेछन्” भन्ने प्रमुख अवधाराणालाई आत्मसात गरेको छ । नेपाल सन् १९७१ देखि नै यस अन्तराष्ट्रिय महासन्धिको पक्ष राष्ट्र भएको र उक्त महासन्धिको प्रावधानलाई नेपलको संविधान र जातीय भेदभाव तथा छुवाछुत कसुर र सजाय ऐन, २०६८ ले स्वीकार गरेको छ । नेपालको संविधानको धारा २४ मा छुवाछुत तथा भेदभाव विरुद्धको हकलाई मौलिक हकका रुपमा राखेको छ भने, सोहि संविधानको धारा २५५ मा राष्ट्रिय दलित आयोगको ब्यवस्था गरेको छ । आर्थिक वर्ष ०७३।७४ को बजेट बक्तव्यमा प्रधानमन्त्रीको नेतृत्वमा जातीय भेदभाव तथा छुवाछुत उन्मुलन कार्यान्वयन उच्चस्तरीय समिति गठन गरीने कुरा उल्लेख भएको सन्दर्भमा त्यस्तो उच्च स्तरीय समितिको व्यवस्था गर्न नेपाल सरकार, मन्त्रिपरिषद्ले जातीय भेदभाव र छुवाछुत अन्तय तथा दलित अधिकार प्रवर्द्धन सम्वन्धी कार्यविधि स्वीकृत गरी जारी गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१). यो कार्यविधिको नाम जातीय भेदभाव र छुवाछुत अन्त्य तथा दलित अधिकार प्रवर्द्धन सम्वन्धी कार्यविधि, २०७३ रहेको छ ।

(२). यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **कार्यविधिको उद्देश्य** : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ ।

क) जातीय भेदभाव र छुवाछुतको अन्त्य तथा दलित अधिकार प्रवर्द्धनका लागि केन्द्र देखि स्थानीय स्तर सम्म उपयुक्त संयन्त्र निर्माण गर्ने ।

ख) जातीय हिंसा, भेदभाव र छुवाछुतको अन्त्यका लागि सवै क्षेत्र र तहमा जातीय मूलप्रवाहीकरण हुने गरी सम्बद्ध सरोकारवाला सवैको सहभागितामा कार्ययोजना तर्जुमा तथा कार्यान्वयन गर्ने गराउने ।

ग) जातीय भेदभाव र छुवाछुत अन्त्यका लागि हाल सम्म प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्दै विद्यामान जातीय बिभेद, असमनता र बन्चितीकरण निवारणका लागि ठोस तथा ब्यवहारिक कार्यक्रमहरु तय गर्ने ।

घ) कार्ययोजनामा सम्बद्ध निकायहरुको अपनत्व र जिम्मेवारीपना विकास गर्नका लागि यसको निर्माणका चरणहरुदेखि नै सहभागितामूलक विधिको अवलम्वन गर्ने ।

**३. केन्द्रीय स्तरमा रहने संयन्त्र :**

केन्द्रीय स्तरमा जातीय भेदभाव तथा छुवाछुतको अन्त्य सम्वन्धी देहाय बमोजिमका समितिहरु रहने छन् :

३.१. **उच्चस्तरीय समितिः** प्रधानमन्त्रीको संयोजकत्वमा देहाय बमोजिमका प्रतिनिधिहरु रहेको एक उच्चस्तरीय समिति रहने छ :

१) प्रधानमन्त्री — संयोजक

२) मुख्य सचिव, नेपाल सरकार — सदस्य

३) अध्यक्ष, राष्ट्रिय दलित आयोग — सदस्य

४) व्यवस्थापिका संसदमा प्रतिनिधित्व गर्ने प्रमुख पाँच राजनीतिक दलका तर्फबाट दलित वर्गको प्रतिनिधित्व हुने गरी प्रधानमन्त्रीबाट तोकिएका पाँच जना — सदस्य

५) गैरसरकारी क्षेत्रमा दलित उत्थान, जातीय भेदभाव तथा छुवाछुत अन्त्यका लगि क्रियाशील रहेका संघसंस्था मध्येवाट प्रधानमन्त्रीबाट तोकिएका कम्तिमा एक जना महिला सहित तीन जना — सदस्य

६) सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, (सामाजिक विकास) — सदस्य सचिव

**३.२. उच्चस्तरीय समितिको काम कर्तब्य र अधिकार :**

जातीय भेदभाव तथा छुवाछुतको अन्त्य सम्वन्धी राष्ट्रिय कार्ययोजनाको तर्जुमा र कार्यान्वयनका लागि नेपाल सरकार तथा दफा ३.३ बमोजिमको केन्द्रिय समन्वय समिति, सम्वन्धित मन्त्रालय/ निकायलाई आवस्यक निर्देशन तथा सुझाव प्रदान गर्ने काम, कर्तव्य र अधिकार उच्चस्तरीय समितिको हुनेछ ।

**३.३. केन्द्रीय समन्वय समितिः नेपाल सरकारका मुख्य सचिवको संयोजकत्वमा देहायबमोजिम एक केन्द्री समन्वय समिति रहने छ :**

१. मुख्यसचिव नेपाल सरकार : — संयोजक

२. सचिव, संघीय मामिला तथा स्थानीय विकास — उपसंयोजक

३. सचिव, अर्थमन्त्रालय — सदस्य

४. सचिव, कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय — सदस्य

५. सचिव, गृह मन्त्रालय — सदस्य

६.सचिव, जनसंख्या तथा वातावरण मन्त्रालय — सदस्य

७. सचिव, महिला, वालवालिका तथा समाजकल्याण मन्त्रालय — सदस्य

८. सचिव, शिक्षा मन्त्रालय — सदस्य

९. सचिव, श्रम मन्त्रालय — सदस्य

१०.सचिव, स्वस्थ्य मन्त्रालय — सदस्य

११. सचिव, राष्ट्रिय मानव अधिकार आयोग — सदस्य

१२. सचिव, राष्ट्रिय दलित आयोग — सदस्य

१३. सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सामाजिक विकास) — सदस्य

१४. सहसचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (सामाजिक विकास) — सदस्य-सचिव

**३.४.केन्द्रीय समन्वय समितिको काम, कर्तब्य र अधिकारः**

केन्द्रीय समन्वय समितिको काम, कर्तब्य र अधिकार देहाय बमोजिम हुनेछन् ।

क) जातीय भेदभाव र छुवाछुत अन्त्यको लागि नीतिगत विषयमा उच्चस्तरीय समितिलाई सल्लाह र सुझाव प्रदान गर्ने ।

ख) कार्ययोजनाको अनुगमन तथा मूल्यंकन गर्ने ।

ग) सरकारी वा गैर सरकारी क्षेत्रबाट दलित समुदायको हक संरक्षण र हित प्रवर्द्धनका लागि सञ्चालित कार्यक्रमहरुको समन्वय गर्ने साथै नियमित अनुगमन गरी प्रभावकारी कार्यान्वयनको व्यवस्था गर्ने गराउने ।

घ) जातीय भेदभाव तथा छुवाछुतको अवस्था बारेमा नियमित रुपमा अनुगमन गर्ने, गराउने ।

ङ) उच्चस्तरीय समितिबाट दलित समुदायको हक संरक्षण र हित प्रवर्द्धनको लागि प्राप्त सुझाब र सल्लाह कार्यान्वयनका लागि आवश्यक व्यवस्था मिलाउने ।

च) दलित समुदायको हक संरक्षण र हित प्रवर्द्धनका सम्वन्धमा देखा परेका समस्याहरु निराकरण गर्ने ।

छ) दलित समुदायको हक संरक्षण र हित प्रवर्द्धनका लागि जिल्ला समन्वय समिति तथा सम्वन्धित निकायहरुलाई आवस्यक निर्देशन गर्ने ।

ज) यस्ता व्यक्तिहरुको हक संरक्षण र हित प्रवर्द्धनका लागि आवश्यक अन्य कार्यहरु गर्ने ।

**४.सचिवालयः**

उच्चस्तरीय समिति तथा केन्द्रीय समन्वय समितिको सचिवालयको काम प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सामाजिक विकास शाखाले गर्नेछ ।

**५.१. जिल्लास्तरको संयन्त्रः**

जिल्लास्तरमा देहाय बमोजिमको जातीय भेदभाव तथा छुवाछुतको अन्त्य सम्वन्धी जिल्ला समन्वय समिति रहनेछ ।

| | |
|---|---|
| १. प्रमुख जिल्ला अधिकारीः | संयोजक |
| २. स्थानीय विकास अधिकारी | सदस्य |
| ३.जिल्ला शिक्षा अधिकारी | सदस्य |
| ४) जिल्ला जनस्वास्थ्य प्रमुख | सदस्य |
| ५.जिल्ला प्रहरी प्रमुख | सदस्य |
| ६. जिल्ला सरकारी वकिल | सदस्य |
| ७. महिला विकास अधिकृत | सदस्य |
| ८.नेपाल बार एशोसिएसनका जिल्ला अध्यक्ष | सदस्य |

९. संयोजकले मनोनयन गरेका जिल्ला स्थित दलित अधिकार तथा सामाजिक क्षेत्रमा क्रियाशील संघ - संस्थाका प्रमुख मध्ये कम्तीमा ३ जना महिला सहित ५ जना सदस्य

१०. योजना अधिकृत, जिल्ला विकास समितिको कार्यालय सदस्य-सचिव

**५.२.जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकारः**

जिल्ला समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

क) दलितको हक संरक्षण र हित प्रवर्द्धनको लागि जिल्लामा सञ्चालित कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक सहयोग, सहजीकरण, समन्वय तथा अनुगमन गर्ने ।

ख) दलितको हक संरक्षण र हित प्रवर्द्धनको लागि स्थानीय स्तरमा प्रचार प्रसार र पैरवी गर्ने ।

ग) दलितको हक संरक्षण र हित प्रवर्द्धनको लागि स्थानीय तहमा देखा परेका बाधा अवरोध निराकरण गर्ने ।

घ) दलितहरु उपरको भेदभाव विरुद्धको कानुन कार्यान्वयन गर्न सहयोग गर्ने, गराउने ।

ङ) दलितको हक संरक्षण र हित प्रवर्द्धनको लागि राष्ट्रियस्तरमा गर्नुपर्ने कार्यको लागि राष्ट्रिय समन्वय समितिलाई रिपोर्टिङ्ग तथा पृष्ठपोषण गर्ने ।

च) जिल्ला प्रहरी कार्यालय र इलाका प्रहरी कार्यालयमा दलितको हक संरक्षण र हित प्रवर्द्धनको लागि छुट्टै डेस्क स्थापना गर्ने व्यवस्था मिलाउने ।

छ) सम्वन्धित जिल्ला विकास समिति, नगरपालिका र गाँउ पालिकाले दलितको हक संरक्षण र हित प्रवर्द्धनका सम्वन्धमा आ-आफ्नो कार्यक्षेत्रभित्र सञ्चालित गतिविधिहरुको विषयमा छुट्टै अभिलेख राख्ने र जिल्ला समन्वय समिति समक्ष नियमिति रुपमा प्रतिवेदन दिने व्यवस्था मिलाउने ।

ज) स्थानीय स्तरमा दलितको हक संरक्षण र हित प्रवर्द्धनको लागि गर्नुपर्ने आवस्यक अन्य कार्य गर्ने ।

६. **समितिको वैठक र निर्णय सम्वन्धी व्यवस्थाः** समितिको वैठक र निर्णय सम्वन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :

क) समितिको वैठक संयोजकको आदेशानुसार आवस्यकतानुसार बस्नेछ ।

ख) समितिको निर्णय सदस्य–सचिवद्धारा प्रमाणित गरी कार्यान्वयनमा लगिनेछ ।

**७. खारेजी र बचाउः**

**क)**जातीय भेदभाव तथा छुवाछुत अन्त्य तथा दतिलहरुको अधिकार प्रवर्द्धन संयन्त्र, २०६८ खारेज गरिएको छ ।

ख) जातीय भेदभाव तथा छुवाछुत अन्त्य तथा दलितहरुको अधिकार प्रवर्द्धन संयन्त्र, २०६८ बमोजिम भए गरेका कार्यहरु यसै कार्यविधिबमोजिम भए गरेको मानिनेछ ।